# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१।८२

चलानी नम्बर :

मिति: २०८१/०५/१९

## बाली बीमा अनुदान कार्यक्रम सम्बन्धि सूचना !

वाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा कपिलवस्तुको चालु आ.व.२०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **बाली बीमा कार्यक्रम** रहेको र उक्त कार्यक्रम अन्तरगत हाल कृषि पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ अनुसार कृषि, पशुपन्छी तथा जडिबुटी बीमा गर्ने कृषकहरुलाई नेपाल सरकारबाट ८० प्रतिशत बीमा शुल्कमा अनुदान प्राप्त हुने गरेको र कृषकले २० प्रतिशत ब्यहोर्नु पर्ने गरेकोमा उक्त २० प्रतिशत बीमा शुल्क रकमको ५० प्रतिशत हुन आउने बीमा शुल्क रकम कार्यक्रम अनुसार आ.व. २०८१/०८२ मा बीमा गरेका मध्ये पहिले निवेदन दिनेलाई पहिलो प्राथमिकताको आधारमा अनुदान रकम उपलब्ध गराईने हुदा आफूले लगाएको बालीवस्तुको (खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल, च्याउ, मौरी आदि) बीमा गरी तपशीलमा उल्लेखित कागजात सम्लग्न राखि बीमा शुल्क अनुदानको लागि **मिति २०८२ जेष्ठ मसान्त** सम्म बाणगंगा नगरपालिका, कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा यसै सूचनाद्धारा अनुरोध गरिन्छ ।

### निवेदन साथ सम्लग्न गर्नुपर्ने आवस्यक कागजातहरु:

१. बीमा गर्ने ब्यक्तिको नागरिकताको प्रतिलिपी

२. बीमालेखको प्रतिलिपी

३. बीमा गर्दा बीमा शुल्क बुझाएको सक्कल रसिद

४. बीमा गरेको बालीवस्तुको फोटो

५. सम्बन्धित वडा कार्यालयको सिफारिस

६. खाता रहेको बैंकको नाम र खाता नम्बर

थप जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्न सकिने छ ।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४/९८४७२८४७००/९८४७०८३४००

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**भक्तिराम मरासिनी**
**प्रमुख प्रशासकीय अधिकृत**

ईमेलः bangangamun@gmail.com  वेभसाइटः www.bangangamun.gov.np  सम्पर्क नं. ०७६-५५०३८३